# माध्यमिक शिक्षा पाठ्यक्रम

## २०७६

## आमसञ्चार

**कक्षा : ११ र १२** विषय सङ्केत :कक्षा ११ : Mcs. 441 (कक्षा ११), Mcs.442 (कक्षा १२)

**पाठ्यघण्टा : ५** **वार्षिक कार्यघण्टा : १६०**

### १. परिचय

आमसञ्चार र पत्रकारिता मानिसको सामाजिक व्यवहार र जीवनसँग जोडिएको विषय हो । मानिसको सामाजिक तथा वैयक्तिक जीवनका गतिविधिहरूको प्रस्तुति, सार्वजनिकीकरण, बोध, प्रयोग र सिर्जनासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको यस विषयको दायरा आफैँमा व्यापक रहेको छ । आमसञ्चार विषयले विभिन्न क्षेत्रका सूचना तथा सन्देशहरूलाई विविध प्रकारका सञ्चार माध्यमबाट बृहत् क्षेत्रलाई लक्षित गरी सम्प्रेषण वा प्रवाह गर्ने समग्र प्रक्रियाको अध्ययन गर्दछ । यसर्थ राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यामिक तह (कक्षा ११ र १२) मा समावेश गरिएको आमसञ्चार र पत्रकारिताले समसामयिक मानवीय अभिरुचि र सार्वजनिक महत्वका विषयहरूमा सूचनाहरूको सङ्कलन, समाचार लेखन, सम्पादन एवम् प्रस्तुतीकरणसँग सम्बन्धित प्रक्रियाहरूको अध्ययन गर्दछ । आमसञ्चारको अवधारणा, प्रक्रिया, आमसञ्चारका माध्यम, पत्रकारिता, समाजमा यसको भूमिका, र प्रभावका बारेमा माध्यमिक तहका बालकालिकालाई ज्ञान र सिप तथा अवधारणा विकास गर्ने छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने छ ।

आमसञ्चार एउटा बृहत् विषय हो र पत्रकारिता आमसञ्चारभित्रको एउटा विधा हो । यसले विद्यार्थीमा सञ्चारका सैद्धान्तिक र व्यावहारिक पक्षको ज्ञान तथा सिप प्रदान गर्छ । यस पाठ्यक्रममा आमसञ्चार र पत्रकारिता विषयसम्बद्ध समाचार, संवाददाता र रिपोर्टिङ, न्यु मिडिया, अनलाइन, पत्रकारिता र सामाजिक सञ्जाल, सम्पादन र सम्पादकीय, विचार-आलेख, प्रसारण पत्रकारिता, फोटो पत्रकारिता, आमसञ्चारसम्बन्धी कानुनी र आचार संहिताजस्ता विषयवस्तु समेटिएको छ । पाठ्यक्रमले विद्यार्थीमा आमसञ्चार र पत्रकारिताका विषयवस्तु र यससँग सम्बन्धित सवालहरूबारे अध्ययन गरी समसायिक ज्ञान तथा तिनको सचेतना प्रसारणसम्बन्धी ज्ञान हासिल गराउने उद्देश्य राखेको छ ।

परिचय, तहगत सक्षमता, कक्षाकगत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटी यो पाठ्यक्रम विकास गरिएको हो । यस क्रममा पाठ्यक्रम लेखन तथा विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता, सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि, सक्षमता, सिकाइ उपलब्धि एवम् अघिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टपन र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

### २. तहगत सक्षमता

माध्यमिक तह (कक्षा ११ र १२) को अध्ययनपश्चात् विद्यार्थीहरूमा आमसञ्चार र पत्रकारिताका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. सञ्चार र आमसञ्चारको अवधारणा, प्रकार, कार्य र महत्वको बोध तथा प्रस्तुति

२. आमसञ्चारका माध्यम, प्रक्रियाको बोध र प्रयोग तथा सञ्चार ढाँचाको अवलम्बन

३. पत्रकारिताको अवधारणा, इतिहास, सिद्धान्त र महत्वको बोध र विश्लेषण

४. पत्रकारिताका रूपहरूको बोध र विश्लेषण तथा पत्रकारिता पेसाप्रति सकारात्मक सोच विकास

५. समाचारको अवधारणा, तत्त्व र समाचारीय मूल्यको बोध र विश्लेषण

६. समाचारका प्रकार, ढाँचा र समाचार लेखनशैलीको व्यवहारिक पक्षको अवलम्बन

७. हार्ड न्युज तथा सफ्ट न्युजको रिपोर्टिङको अवधारणा र प्रक्रियाको बोध तथा संवाददाताको भूमिका पहिचान र विश्लेषण

८. अनलाइन पत्रकारिता तथा सामजिक सञ्जालको अवधारणा र क्षेत्रको पहिचान तथा प्रयोग

९. सम्पादन र सम्पादकीयको अर्थ, प्रक्रियाको बोध र विश्लेषण तथा सम्पादकहरूको भूमिका पहिचान

१०. फोटो पत्रकारिताको अवधारणा र यसका प्राविधिक तथा सैद्धान्तिक पक्षको बोध र विश्लेषण

११. समाचार फिचरको अवधारणा र योजनाको बोध तथा प्रयोग

१२. प्रसारण पत्रकारिताको अवधारणाको बोध तथा प्रसारण प्रक्रियाको बोध र प्रयोग

## ३. कक्षागत सिकाइ उपलब्धि

| क्र. सं. | कक्षा ११ | | कक्षा १२ | |
|---|---|---|---|---|
| | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि |
| १ | सञ्चारका तह | १.१ सञ्चारका तह बताउन<br>१.२ आमसञ्चारको परिचय दिन<br>१.३ सञ्चारको प्रकार, प्रक्रिया र विशेषताको व्याख्या गर्न<br>१.४ एरिस्टोटल र लासवेलको सञ्चार ढाँचाको वर्णन गर्न<br>१.५ सञ्चारका माध्यमहरूको पहिचान र वर्गीकरण गर्न<br>१.६ सञ्चार प्रक्रियाको व्याख्या गर्न | सम्पादन र सम्पादकीय | १.१समाचार कक्षको परिचय दिन र कामहरूको सूची बनाउन<br>१.२ सम्पादन प्रकृयाको व्याख्या गर्न<br>१.३ सम्पादकको योग्यता, भूमिका र जिम्मेवारी पहिचान गर्न<br>१.४ कपी एडिटर, कार्यकारी सम्पादक, समाचार सम्पादक, सम्पादक/ प्रधान सम्पादकको जिम्मेवारी प्रस्तुत गर्न<br>१.५ समाचारको पुनर्लेखन गर्न<br>१.६ समयसीमा (डेडलाइन) को महत्व उल्लेख गर्न<br>१.७ छापा माध्यममा प्रयोग हुने भाषा र प्रसारण माध्यममा प्रयोग हुने भाषाको भिन्नता बताउन<br>१.८ सम्पादकीय लेखनको संरचना र तत्वको वर्णन गर्न<br>१.९ विचार-सम्पादकीय पृष्ठ (ओपेड पृष्ठ) र स्तम्भ लेखनको परिचय दिन |
| २ | पत्रकारिता र समाजमा यसको महत्व | २.१ पत्रकारिताको अवधारणा र परिचय प्रस्तुत गर्न<br>२.२ नेपाली पत्रकारिताको सङ्क्षिप्त | समाचार फिचर | २.१ फिचर लेखनको परिचय प्रस्तुत गर्न<br>२.२ फिचरको बिशेषता पहिचान गर्न<br>२.३ फिचर लेखनको योजना उल्लेख |

| | | | | |
|---|---|---|---|---|
| | | इतिहास उल्लेख गर्न<br>२.३ छापा पत्रकारिता, प्रसारण पत्रकारिता र अनलाइन पत्रकारिताको आधारभूत भिन्नता पहिचान गर्न<br>२.४ पत्रकारिताको सिद्धान्तको व्याख्या गर्न<br>२.५ पेनी प्रेस र पीत पत्रकारिताको अवधारणा प्रस्ट पार्न | | गर्न<br>२.३ फिचरको<br>तत्वहरू उल्लेख गर्न<br>२.४ फिचरका प्रकारहरु जानकारी पाउन<br>२.५ अखबारमा फिचरको महत्व उल्लेख गर्न<br>२.६ फिचर लेखकको बारेमा जानकारी पाउन<br>२.६ फिचर र अन्य समाचारको तुलना गर्न |
| ३ | समाचार | ३.१ समाचारको अवधारणा, प्रकार र तत्वहरूको परिचय दिन<br>३.२ समाचारका स्रोतहरूको पहिचान गर्न<br>३.३ समाचार लेखनको ढाँचा निर्माण र व्याख्या गर्न<br>३.४ समाचार लेखनको संरचनाअनुसार समाचार लेख्न<br>३.५ समाचारीय मूल्यको विश्लेषण गर्न | प्रसारण पत्रकारिता ( रेडियो, टेलिभिजन, अनलाइन) | ३.१ प्रसारण पत्रकारिताको परिचय र महत्व उल्लेख गर्न<br>३.२ नेपालको सन्दर्भमा रेडियो पत्रकारिता र टेलिभिजन पत्रकारिताको विकासक्रम उल्लेख गर्न<br>३.३ प्रसारण पत्रकारिताका मौलिक विशेषताको सूची तयार गर्न<br>३.४ रेडियो कार्यक्रम तथा टेलिभिजन कार्यक्रमका आधारभूत पक्ष/तत्वहरूको वर्णन गर्न<br>३.५ रेडियो तथा टेलिभिजन कार्यक्रमको स्क्रिप्ट लेखन गर्न<br>३.६ रेडियो कार्यक्रम र टेलिभिजन कार्यक्रमको ढाँचा तयार पार्न |
| ४ | संवाददाता र समाचार संकलन | ४.१ सूचनाको अर्थ र महत्त्वबारे व्याख्या गर्न<br>४.२ सम्वाददाता र रिपोर्टिङको अवधारणा उल्लेख गर्न<br>४.३ सम्वाददाताको योग्यता, भूमिका र जिम्मेवारीबारे विश्लेषण गर्न<br>४.४ सामान्य रिपोर्टिङ, बिट रिपोर्टिङ र अनुसन्धानमूलक रिपोर्टिङबीचको भिन्नता पत्ता लगाउन | फोटो पत्रकारिता ( लेआउट र साजसज्जासहित) | ४.१ फोटो पत्रकारिता र फोटोग्राफीको परिचय दिन<br>४.२ लेआउट र डिजाइनबारे बताउन<br>४.३ फोटो पत्रकारिताको महत्व चर्चा गर्न<br>४.४ क्यामेराको परिचय दिई त्यसका कार्यहरू बताउन<br>४.५ सटरस्पिड, अपरेचर र आइएसओको सम्बन्ध बताउन<br>४.६ फोटो कम्पोजिसनको महत्व र तरिका उल्लेख गर्न<br>४.७ फोटोको छनोट गरी क्याप्सन लेख्न |
| ५ | अनलाइन पत्रकारिता र सामाजिक | ५.१ अनलाइन पत्रकारिताको परिचय दिन | संविधानको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी | ५.१ प्रेससम्बन्धी कानुन, प्रेस स्वतन्त्रता र आचार संहिताको अवधारणा र |

| | | | | |
|---|---|---|---|---|
| | सञ्जाल | ५.२ अनलाइनको विकास उल्लेख गर्न<br>५.३ अनलाइन पत्रकारिताको विशेषताहरू उल्लेख गर्न<br>५.४ अनलाइन पत्रकारिताको<br>सम्भावना र चुनौती जानकारी दिन<br>५.५ अनलाइन पत्रकारिता सम्बन्धी आचारसंहिता उल्लेख गर्न<br>५.६ सामाजिक सञ्जालको परिचय दिन<br>५.७ पत्रकारितामा<br>सामाजिक सञ्जालको प्रयोग उल्लेख गर्न<br>५.८ सामाजिक सञ्जालको फाइदा र बेफाइदा जानकारी दिन<br>५.९ अनलाइन र सामाजिक सञ्जालसँग सम्बन्धित कानुनी<br>आधारहरूको व्याख्या गर्न | प्रावधान, सञ्चारसम्बन्धी कानुनका अन्तर्राष्ट्रिय मूल्य र मान्यता तथा आचारसंहिता | परिचय बताउन<br>५.२ प्रेस स्वतन्त्रताका सम्बन्धमा नेपालको संविधान र कानुनमा भएका प्रावधानको चर्चा गर्न<br>५.३ गालीबेइज्जति, अश्लिलता र अदालतको अपहेलनाको सामान्य अवधारणा बताउन<br>५.४ नेपाली पत्रकार र सञ्चार माध्यमका लागि जारी गरिएको पत्रकार आचार संहिता बुँदागत रूपमा उल्लेख गर्न |
| ६ | प्रयोगात्मक कार्य | ६.१ रिपोर्टिङको प्रक्रियाअनुरूप समाचारका लागि सूचना सङ्कलन गर्न<br>६.२ तोकिएको ढाँचामा समाचार लेख्न<br>६.३ अखबारमा प्रकाशन भएको कम्तीमा तीन प्रकारको शीर्षक, आमुख, बिटका समाचार, सम्पादकीय र हार्ड र सफ्ट न्युज पत्ता लगाउन<br>६.२ समूहमा भित्ते पत्रिका प्रकाशन गर्न | प्रयोगात्मक कार्य | ६.१ हरेक विद्यार्थीलाई ठाउँ र व्यक्तिको फिचर लेख्न, अखबारमा छापिएका कम्तीमा तीन ओटा फिचर पत्ता लगाउन लगाएर पेपरमा टास्न लगाउन<br>६.२ रेडियो र टिभीका लागि कार्यक्रमको खाका तयार गर्न, स्कूल म्यागजिनको नमुना खाका बनाउन, अखबारमा कम्तीमा तीनओटा स्तम्भ पत्ता लगाउन<br>६.३ हरेक विद्यार्थीले आठ पृष्ठको कुनै एउटा पत्रिका (ब्रोडसिट वा ट्याबल्वाइड) जस्ताको जस्तै उतार्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम

**कक्षा: ११**

| क्र.सं. | विषय क्षेत्र | विषयवस्तु | विषय क्षेत्र | विषयवस्तु | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| १ | आमसञ्चारको परिचय | १.१ सञ्चारको अर्थ र परिभाषा<br>१.२ सञ्चारको तह र प्रकार<br>१.३ आमसञ्चारको परिचय<br>१.४ आमसञ्चार प्रक्रिया | सम्पादन र सम्पादकीय | १.१ समाचार सम्पादनको परिचय र महत्त्व<br>१.२ समाचार कक्षको संरचनात्मक स्वरूप<br>१.३ सम्पादकको परिचय, योग्यता, भूमिका र जिम्मेवारी : कपी | २८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | १.५ सञ्चार ढाँचा (लिनियर र ननलिनियर)<br>१.६ एरिस्टोटल र लासवेलको सञ्चार अवधारणा<br>१.७ सञ्चारका अवरोधहरू<br>१.८ आमसञ्चारका माध्यम र तिनका कार्यहरू<br>१.९ आमसञ्चार माध्यमका प्रकारहरू | | एडिटर, समाचार सम्पादक, सम्पादक/ प्रधान सम्पादक<br>१.४ समाचार सम्पादन प्रक्रिया<br>१.५ डेडलाइनको दवाव र पुनर्लेखन<br>१.६ सम्पादकीय लेखनको परिचय, महत्व र संरचना<br>१.७ विचार-आलेख (ओपिनियन आर्टिकल) लेखक र स्तम्भकार<br>१.८ पृष्ठ संयोजनको परिचय, साजसज्जाको सिद्धान्त, तत्त्व | |
| २ | पत्रकारिता | २.१ पत्रकारिताको अर्थ र परिभाषा<br>२.२ नेपाली छापा पत्रकारिताको सङ्क्षिप्त इतिहास<br>२.३ पत्रकारिताका सिद्धान्तहरू<br>२.४ पत्रकारिताको महत्व<br>२.५ पत्रकारिताका प्रकारहरू<br>२.६ पत्रकारिताका प्रकृया<br>२.७ पत्रकारिताका केही आयाम<br>२.७.१ अनुसन्धानमूलक पत्रकारिता<br>२.७.२ आर्थिक पत्रकारिता<br>२.७.३ विकास पत्रकारिता<br>२.७.४ वातावरण पत्रकारिता<br>२.८ पेनी प्रेस र पीत पत्रकारिता | समाचार फिचर | २.१ फिचर लेखनको परिचय<br>२.२ फिचरको विशेषता<br>२.३ फिचर लेखनको योजना<br>२.३ फिचरको<br>तत्वहरू<br>२.४ फिचरका प्रकार<br>२.५ फिचरको महत्त्व<br>२.६ फिचर लेखक<br>२.६ फिचर र अन्य समाचारको तुलना | २० |
| ३ | समाचार | ३.१ समाचारको अवधारणा र परिभाषा<br>३.२ समाचारका प्रकार<br>३.२.१ हार्ड न्युज ( इभेन्ट रिर्पोटिङ)<br>३.२.२ सूट न्युज ( सिचुएसन अर इस्यु रिर्पोटिङ/न्युज-फिचरसहित)<br>३.३ समाचारका स्रोतहरू<br>३.४ समाचारका तत्त्वहरू<br>३.५ समाचार लेखनमा ६ क | प्रसारण पत्रकारिता | ३.१ नेपालमा रेडियो र टेलिभिजनको विकास<br>३.२ रेडियो तथा टेलिभिजन प्रसारणका विशेषताहरू<br>३.३ रेडियो तथा टेलिभिजन कार्यक्रमको परिचय<br>३.४ रेडियो समाचार बुलेटिन<br>३.५ रेडियो म्यागेजिन, डकुमेन्ट्री र रेडियो फिचर<br>३.६ लाइभ कार्यक्रम र रेकर्डिङ<br>३.७ रेडियो र टेलिभिजनका लागि | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (5W1H)<br>३.६ समाचारीय मूल्य<br>३.७ समाचारको संरचना/ढाँचा<br>३.७.१ हेडलाइन<br>३.७.२ बाइलाइन<br>३.७.३ डेटलाइन<br>३.७.४ लिड<br>३.७.५ मुख्य भाग<br>३.७.६ पृष्ठभूमि<br>३.७.७ क्रेडिट लाइन<br>३.८ समाचार लेखन शैली<br>३.९ समाचार लेखनको भाषा र प्रस्तुति | | स्क्रिप्ट लेखन<br>३.८ नेपालमा रेडियोको महत्त्व | |
| ४ | संवाददाता र समाचार संकलन | ४.१ पत्रकारितामा रिपोर्टिङको अर्थ परिभाषा र महत्त्व<br>४.२ सूचनाको अवधारणा र महत्त्व<br>४.३ सूचनाको उपयोग<br>४.४ समाचारका लागि सूचना सङ्कलन प्रक्रिया<br>४.५ संवाददाता र पत्रकार<br>४.६ संवाददाताका योग्यता र सिप<br>४.७ संवाददाताको भूमिका र जिम्मेवारी<br>४.८ सामान्य रिपोर्टिङ र विषयगत रिपोर्टिङ<br>४.९ गहन रिपोर्टिङ र अनुसन्धानमूलक रिपोर्टिङ | फोटो पत्रकारिता | ४.१ फोटो पत्रकारिता र फोटोग्राफीको परिचय<br>४.२ नेपालमा फोटो पत्रकारिताको सङ्क्षिप्त इतिहास<br>४.३ फोटो पत्रकारिताको महत्त्व<br>४.४ सटरस्पिड, अपरेचर र आइएसओ<br>४.५ फोटो कम्पोजिसनको आधारभूत नियम<br>४.६ क्यामेरा र लेन्स<br>४.७ क्यामेरा सञ्चालन गर्ने कला<br>४.८ तस्बिर छनोट र क्याप्सन लेखन | २४ |
| ५ | अनलाइन पत्रकारिता र सामाजिक सञ्जाल | ५.१ अनलाइन पत्रकारिताको परिचय<br>५.२ अनलाइनको विकास<br>५.३ अनलाइन पत्रकारिताको विशेषताहरू<br>५.४ अनलाइन पत्रकारिताको<br>सम्भावना र चुनौती | प्रेससम्बन्धी कानुन र पत्रकार आचारसंहिता | ५.१ प्रेस स्वतन्त्रताको अवधारणा, नेपालमा प्रेस स्वतन्त्रताको संवैधानिक प्रावधान<br>५.२ नेपालका प्रेस कानुनहरूको सङ्क्षिप्त परिचय : (नेपालको संविधान, मुलुकी अपराध संहिता २०७४ मा प्रेस संग सम्बन्धित दफा, छापाखाना र प्रकाशन सम्बन्धी ऐन २०४८, राष्ट्रिय प्रसारण ऐन २०४८, | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ५.५ अनलाइन पत्रकारितासम्बन्धी आचारसंहिता<br><br>५.६ सामाजिक सञ्जालको परिचय<br>५.७ पत्रकारितामा<br>सामाजिक सञ्जालको प्रयोग<br>५.८ सामाजिक सञ्जालको फाइदा र बेफाइदा<br>५.९ अनलाइन र सामाजिक सञ्जालसँग सम्बन्धित कानुनी व्यवस्था | | श्रमजीवी पत्रकारसम्बन्धी ऐन २०६४, सूचनाको हकसम्बन्धी ऐन २०६४)<br>५.३ सूचनाको हक<br>५.४ गाली बेइज्जती र अश्लीलताको परिचय<br>५.५ अदालतको अपहेलना<br>५.६ प्रेस काउन्सिलको अवधारणा<br>५.७ नेपालमा पत्रकार आचारसंहिता<br>५.८ आचारसंहिता र कानुनको फरक | |
| ६ | प्रयोगात्मक कार्य | ६.१ अखबारमा प्रकाशन भएको कम्तीमा तीन प्रकारको शीर्षक, आमुख, बीटका समाचार, सम्पादकीय र हार्ड र सफ्ट न्युज पत्ता लगाएर टास्न लगाउने<br>६.२ समूहमा भित्ते पत्रिका प्रकाशन | प्रयोगात्मक कार्य | ६.१ हरेक विद्यार्थीलाई ठाउँ र व्यक्तिको फिचर लेख्न, अखबारमा छापिएका कम्तीमा तीनओटा फिचर पत्ता लगाउन लगाएर पेपरमा टास्न लगाउने<br>६.२ रेडियो र टिभीको लागि कार्यक्रमको खाका तयार गर्न लगाउने, स्कुल म्यागजिनको नमुना खाका बनाउने, अखबारमा कम्तीमा तीन ओटा स्तम्भ पत्ता लगाएर पेपरमा टाँस्ने,<br>६.३ हरेक विद्यार्थीले आठ पृष्ठको कुनै एउटा पत्रिका (ब्रोडसिट वा ट्याबल्वाइड) जस्ताको जस्तै उतारेर लेआउटको अभ्यास गर्ने | ४० |
| | जम्मा | | | | १६० |

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

कक्षा ११ र १२ मा प्रयोगात्मक कार्यअन्तर्गत सञ्चालन गर्न सकिने केही सम्भाव्य क्रियाकलापहरू निम्नअनुसार छन् :

| क्र.सं. | कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|---|
| | विषयक्षेत्र | प्रयोगात्मक कार्य विवरण | पाठ्य घण्टा | विषयक्षेत्र | प्रयोगात्मक कार्य विवरण | पाठ्य घण्टा |
| १ | आमसञ्चारको परिचय | १. शिक्षकको सहयोगमा शाब्दिक र गैरशाब्दिक सञ्चारबीचको अन्तर पत्ता लगाउने<br>२. सञ्चार र आमसञ्चारसम्बन्धी | १० | १. सम्पादन र सम्पादकीय | १. कुनै विषयमा समाचार लेखी अर्को साथीबाट सम्पादन गराई पक्षामा प्रस्तुत गर्ने | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तथ्यहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्ने र छलफलबाट आएको निष्कर्षलाई समष्टिगत रूपमा सम्पादन गरी सबै विद्यार्थीहरूलाई वितरण गर्ने<br>३. आमसञ्चारका अवरोधहरूको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने | | | २. अखबारमा प्रकाशित समाचारलाई रेडियोमा वाचन गर्न मिल्ने भाषामा लेखी वाचन गर्ने<br>३. १६ पृष्ठको समाचारपत्रको लेआउट तयार पारी कक्षामा प्रस्तुत गर्ने | |
| २ | पत्रकारिता | १. विभिन्न प्रकारका समाचारमूलक पत्रिका र म्यागेजिनहरू सङ्कलन गरी तिनीहरूको तुलना गर्ने<br>२. स्थानीय स्तरमा भएका रेडियो, टेलिभिजन स्टेसन, अनलाइन पोर्ट तथा प्रेसका कार्यालयहरूको भ्रमण गरी उनीहरूले काम गर्ने तरिका, कार्यालयको प्रकृतिका बारेमा अध्ययन, अवलोकन गरेर तीमध्येको कुनै एकको बारेमा प्रोफाइल तयार पार्ने | ५ | २ . विचार-आलेख .ओपिनियन आर्टिकल) | १. विद्यार्थीहरूलाई विभिन्न पत्रिकाहरूमा प्रकाशित भएका विचार-आलेख (ओपिनियन आर्टिकल)हरू र समाचार सङ्लकन गरी विचार-आलेख र समाचारबीचका फरकहरू छुट्याउने<br>२. विचार-आलेख (ओपिनियन-आर्टिकल) का लागि स्थानीय स्तरमा भएका विभिन्न विषय छनोट गर्ने र विचार-आलेख (ओपिनियन आर्टिकल) को योजना बनाई तयार पार्ने | ७ |
| | ३. समाचार | १. विभिन्न पत्रिका र म्यागेजिनमा प्रकाशित समाचारहरू सङ्कलन गरी समाचारका तत्वहरू छुट्याएर कक्षामा प्रस्तुत गर्ने<br>२. पत्रिकामा छापिएका समाचारमध्ये पाँचपाँचओटा हाड न्युज र सृट न्युज छुट्याउने<br>३. आनो समुदायमा भएका समाचार बनाउन मिल्ने विषयवस्तु अवलोकन गरी कुनै तीन विषयमा समाचार लेख्ने र कक्षामा छलफल गर्ने | १० | ३. प्रसारण पत्रकारिता | १. स्थानीय स्तरमा रहेको एफएम रेडियो सुन्ने र रेडियोले प्रस्तुत गरेका विषयवस्तुको सूची बनाई कक्षामा प्रस्तुत<br>२. कुनै विषयमा १५ मिनेटको रेडियो स्क्रिप्ट तयार पार्ने | ८ |
| | ४.संवाददाता र रिपोर्टिङ | स्थानीय स्तरमा भइरहेको कुनै कार्यक्रममा सहभागी भई त्यसको आधारमा समाचार तयार पार्ने | ५ | ४. फोटो पत्रकारिता | १. फोटोको महत्व र फाइदाका बारेमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्ने<br>२. फोटोको सिद्धान्तमा आधारित भएर पत्रिकामा छापिएका फोटो सङ्कलन गर्ने | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | ३. कुनै सन्देशमूलक फोटो खिचेर त्यसका क्याप्सनसहित कक्षामा प्रस्तुत गर्ने | |
| | ५. न्युमिडिया, अनलाइन पत्रकारिता र सामाजिक सञ्जाल | १. कुनै एक न्युज पोर्टलको अवलोकन गरी अन्य मिडिया (रेडियो, टेलिभिजन, पत्रिका) सँग तुलना गरेर यसका उपयोगिताका सूची बनाई कक्षामा प्रस्तुत गर्ने<br>२. कुनै एक चर्चित घटनाका बारेमा अन्य मिडियामा आएको समाचार र अनलाइनमा आएको समाचारको बीचमा अध्ययन गरी फरक पत्ता लगाई कक्षामा प्रस्तुत गर्ने | १० | ५. सञ्चार सम्बन्धी कानुन र आचारसंहिता | १.प्रेस कानुन र पत्रकार आचार संहिताका भिन्नताका बारेमा सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने<br>२. नेपालको संविधानले प्रेस स्वतन्त्रताका लागि गरेका व्यवस्था खोजी कक्षामा प्रस्तुत गर्ने<br>३. नेपालका वर्तमान प्रेस कानुनहरूको नामको सूची लेखी कक्षामा प्रस्तुत गर्ने | ११ |
| जम्मा | | | ४० | जम्मा | | ४० |

## ६. सिकाइ सहजीकरण विधि तथा प्रक्रिया

आमसञ्चार तथा पत्रकारिता विषय मानिसको सामाजिक र वैयक्तिक जीवनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले यो विषयले एकातिर सूचनाहरूको सङ्कलन, प्रशोधन, प्रकाशन, प्रसारण र प्रस्तुतीकरणजस्ता क्रियाकलापहरूको बारेमा सैद्धान्तिक ज्ञान प्रवाह गर्दछ भने अर्कोतिर उल्लिखित प्रक्रियाअनुरूप सन्देशहरूको उत्पादन र प्रवाहीकरण गर्ने प्रयोगात्मक सिप प्रदान गर्ने गर्दछ । आमसञ्चारका आधुनिक माध्यम मिडियाको प्रकृति र तिनीहरूको भूमिकाको सैद्धान्तिक र प्रयोगात्मक अवधारणा, ज्ञान र सिप प्रदान गर्न कुनै एउटामात्र शिक्षण विधिले पूर्ण हुन सक्दैन । आवश्यकताअनुसार विभिन्न प्रकारका शिक्षण विधिहरूलाई प्रयोग गरेर अध्यापन कार्यलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ । यस क्रममा सैद्धान्तिक पक्षको लागि व्याख्यान, प्रश्नोत्तर, समस्या समाधान, प्रदर्शनजस्ता शिक्षण विधिहरू उपयुक्त हुन्छन् भने व्यावहारिक पक्षको लागि अवलोकन, सामूहिक छलफल, प्रदर्शन, स्थलगत अध्ययन, परियोजना कार्य विधि जस्ता शिक्षण विधिहरू सान्दर्भिक हुन्छन् । समाचारका प्रकार, स्रोत र तत्वहरूलाई सिकाउन अखबार नै प्रदर्शन गर्नुपर्ने हुन्छ । मिडियाले कसरी काम गर्छ भनेर स्पष्ट पार्नका लागि विभिन्न प्रकारका मिडियाका प्राविधिक उपकरणहरूलाई देखाउनुपर्ने हुन्छ । यसै गरी फोटोपत्रकारिताको लागि स्थलगत कार्य नै गर्नुपर्ने हुन्छ । यो विषयमा प्रयोगात्मक कार्य बढी हुने भएकाले आवश्यकताअनुसार विभिन्न प्रकारका शिक्षण विधिहरू अपनाउनुपर्ने हुन्छ । आमसञ्चार तथा पत्रकारिता विषयको प्रभावकारी अध्यापनका लागि तल उल्लेख गरिएका विभिन्न विधिहरू अपनाउन सकिन्छ । व्याख्यान, प्रदर्शन जस्ता शिक्षककेन्द्रित र परियोजना कार्य, दस्तावेज अध्ययन, छलफल, समस्या समाधान, स्वअध्ययन र स्थलगत अध्ययन जस्ता विद्यार्थीकेन्द्रित विधिको प्रयोगलाई बढीभन्दा बढी प्रयोग गरी यो विषयमा सिकाइ सहजीकरण गर्न सकिन्छ । यसका विशिष्ट शैक्षणिक प्रविधि निम्नानुसार हुन सक्छन् :

| एकाइ | शैक्षणिक प्रविधि |
|---|---|

| | |
|---|---|
| १ | **आमसञ्चारको परिचय**<br>१. विद्यार्थीलाई सञ्चार र आमसञ्चारको अवधारणा तथा मानवीय तथा सामाजिक व्यवहारमा यसको महत्त्वबारे तथ्य सङ्कलन गर्न लगाई समूहगत रूपमा छलफल गराउने । छलफलबाट आएको निष्कर्षलाई समष्टिगत रूपमा सम्पादन गरी सबै विद्यार्थीहरूलाई वितरण गर्न लगाउने<br>२. आममसञ्चारका अवरोध, यसका प्रकार र सञ्चार ढाँचाको बारेमा बुँदाहरू टिपोट गरी समूहमा छलफल गराई प्रस्तुत गर्न लगाउने |
| २ | **पत्रकारिता**<br>१. विभिन्न प्रकारका समाचारमूलक पत्रिका र म्यागजिनहरू सङ्कलन गरी तिनीहरूको तुलना गर्न लगाउने<br>२ स्थानीय ठाउँमा भएका रेडियो, टेलभिजन स्टेसन वा अनलाइन पोर्टलको सूची तथार गरी कुनै प्रोफाइल लेख्न लगाउने |
| ३ | **समाचार**<br>१. विभिन्न प्रकारका पत्रिका र म्यागजिनमा प्रकाशित समाचारहरू सङ्कलन गरी समाचारका तत्त्वहरू छुट्ट्याउन लगाउने र समूहगत रूपमा छलफल गराउने<br>२. प्रत्येक विधिार्थीहरूलाई समाचार लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने |
| ४ | **संवाददाता र रिपोर्टिङ**<br>१. सूचना र रिपोर्टिङ तथा त्यसको प्रकृतिबारे अवधारणा पत्ता लगाउने<br>२. सूचनाको महत्त्व, संवाददाताको भूमिका र विभिन्न प्रकारका रिपोर्टिङको महत्वलाई सूचीबद्ध गरी कक्षामा छलफल गर्न लगाउने |
| ५ | **नयाँ माध्यम, अनलाइन पत्रकारिता र सामाजिक माध्यम**<br>१. नयाँ माध्यम, अनलाइन पत्रकारिता र सामाजिक माध्यमको अवधारणा र यसका विविध पक्षबारे सूची बनाउन लगाउने<br>२. सामाजिक सञ्जालका प्रयोग र उपयोगिताका सूची बनाई फरक फरक समूहमा कक्षामा छलफल गर्न लगाउने<br>३. नयाँ माध्यमसँग र सामाजिक माध्यमसँग सम्बन्धित कानुनी पक्षहरूको सूची तयार गर्न लगाउने |
| ६ | **सम्पादन र सम्पादकको भूमिका**<br>१. विद्यार्थीहरूलाई सम्पादन र सम्पादकीयको अवधारणाबारे बुँदागत रूपमा सूची तयार गरी कक्षामा छलफल गर्न लगाउने<br>२. समाचारपत्रको लेआउट तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने |
| ७ | **विचार-आलेख (ओपिनियन-आर्टिकल)**<br>१. विद्यार्थीहरूलाई विभिन्न अखवारहरूमा प्रकाशित भएका विचार-आलेख (ओपिनियन -अर्टिकल) हरू |

| | |
|---|---|
| | सङ्कलन गरी कक्षामा देखाउन लगाउने<br>२. ठोस योजनासहित विचार-आलेख (ओपिनियन-आर्टिकल) तयार पार्न लगाउने |
| ८ | **प्रसारण पत्रकारिता**<br>१. विद्यार्थीहरूलाई कक्षामा प्रसारण पत्रकारिताको मुख्य अवधारणा भन्न लगाउने, नेपालको सन्दर्भमा रेडियो र टेलिभिजन प्रसारणको इतिहास लेख्न लगाउने र प्रसारण पत्रकारिताको महत्त्वको सूची बनाई कक्षामा प्रस्तुत गर्न लगाउने<br>२. प्रसारण संस्थाहरूका बारेमा लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने |
| ९ | **फोटो पत्रकारिता**<br>१. फोटो पत्रकारिताका विविध सैद्धान्तिक पक्ष र फोटो खिच्ने तरिकाहरूका बारेमा तथ्यहरू सङ्कलन गर्न लगाउने<br>२. पत्रपत्रिकामा प्रकाशित विभिन्न प्रकारका फोटाहरू सङ्कलन गरी कक्षामा प्रस्तुत गर्न लगाउने<br>३. प्रत्येक विद्यार्थीहरूलाई आफैँ फोटो खिच्न लगाई कक्षामा प्रदर्शन गर्न लगाउने |
| १० | सञ्चारसम्बन्धी कानुन र आचारसंहिता<br>१. प्रेस कानुन र पत्रकार आचारसंहिताबीच रहेको अवधारणागत भिन्नताहरूको सूची तयार गरी कक्षाका भन्न लगाउने<br>२. प्रेस स्वतन्त्रतासम्बन्धीको संवैधानिक व्यवस्थाका बारेमा बुँदा टिपोट गर्न लगाउने र नेपालका वर्तमान प्रेस कानुनहरूको नामको सूची लेख्न लगाउने तथा पत्रकार आचारसंहिताका प्रमुख बुँदाहरूलाई टिपोट गरी फरक फरक समूहमा कक्षामा प्रस्तुत गर्ने |

## ७. विद्यार्थी मूल्याङ्कन

विद्यार्थीको सिकाइ उपलब्धि सुनिश्चित गर्न निर्माणात्मक र निर्णयात्मक दुवै प्रकारको मूल्याङ्कन गर्नुपर्ने छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि कक्षा शिक्षणकै क्रममा कक्षाकार्य, परियोजना कार्य, प्रस्तुतीकरण, उपलब्धि परीक्षा जस्ता क्रियाकलाप गराई सैद्धान्तिक तथा प्रयोगात्मक ज्ञान तथा सिप हासिल गराउन आवश्यक छ । यसको प्रभावकारी रूपमा कार्यान्वयन तथा विद्यार्थीको सिकाइ स्तर सुधार गर्न सिकाइ सहजीकरण क्रियाकलापको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई उपयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनको सिकाइ उपलब्धिको निश्चित भारलाई निर्णयात्मक मूल्याङ्कनमा समेत जोडिने छ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीहरूको फाइल बनाई उनीहरूले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवर्तनको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्दछ । विद्यार्थीहरूले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रियालाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । कक्षा ११ र १२ को आमसञ्चार तथा पत्रकारिता विषय सिकाइको क्रममा कक्षाकोठामा कक्षागत शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका साधनहरूको प्रयोग गर्न सकिने छ र मूल्याङ्कनका लागि विद्यार्थीको अभिलेख राख्नुपर्छ । सोको आधारमा नै सिकाइ अवस्था यकिन गरिन्छ र आवश्यकतानुसार उपचारात्मक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने छ । शिक्षकले यस प्रकारको मूल्याङ्कन निरन्तर रूपमा गरी विद्यार्थीहरूमा अपेक्षित सिप र व्यवहार विकासमा जोड दिनु पर्दछ ।

यस विषयमा कक्षा ११ र १२ मा कुल भारमध्ये २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कनमार्फत हुने छ । यसको मूल्याङ्कन निम्नअनुसार हुने छ :

**कक्षा ११ र १२ का लागि आन्तरिक मूल्याङ्कन मापदण्ड**

| क्र स | आधार | अंक | कैफियत |
|---|---|---|---|
| १ | कक्षा सहभागिता | ३ | |
| २ | कक्षा परीक्षा | ६ | |
| ३ | आमसञ्चारसम्बन्धी परियोजना कार्यको मूल्याङ्कन | | |
| ३.१ | परियोजना कार्यको प्रतिवेदनको तयारी (कम्तिमा पाँचओटा) | १० | |
| ३.२ | परियोजना कार्यको प्रस्तुतीकरण (कम्तीमा तीनओटा) | ६ | |
| | जम्मा | २५ | |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ११ र १२ प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ११ र १२ प्रत्येक कक्षामा लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान/बोध, समस्या समाधान, समालोचनात्मक, सिर्जनासँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरिन्छ । सबै बाह्य परीक्षामा अक्षराङ्कन पद्धतिको प्रयोग गरिने छ ।